# आ व २०७४/७५को लागि स्वामी कार्तिक गाँउपालिकाका अध्यक्ष श्री चिरन्जीबी शाहीद्वारा

## प्रथम गाँउ सभामा प्रस्तुत

# कार्यक्रम तथा वजेट

## स्वामी कार्तिक गाँउपालिका

वाई, बाजुरा

मिति २०७४ असोज २ गते

Scanned by CamScanner

## स्वामीकार्तिक गाउपालिकाको आ.व.२०७४।०७५ का लागि अध्यक्ष श्री चिरन्जीवी शाहीद्वारा प्रथम गाउ सभामा प्रस्तुत वजेट तथा कार्यक्रम

**अध्यक्ष महोदय**

एशियाका दुई ठुला विशाल देश हरुको विचमा रहेको सुन्दर देश नेपाल युगौ देखी एक सार्वभौम सत्ता सम्मपन्न मुलुकको रुपमा रही आएको छ। संघिय लोकत्रान्त्रीक गणतन्त्रको घोषणा भई जनताले संवैंधानिकरुपमा परिवर्तनको अनुभव गरीरकेका छन्।

संघियता अनुरुप प्रदेश नं. ७ मा रहेको अत्यन्तै विकट जिल्ला बाजुराको उत्तर पुर्वि भागमा अवस्थीत कार्णली नदी वारीको स्भावना र अबसरको खोजिमा रहेको हाम्रो एक सुन्दर स्वामीकार्तिक गाउँपालिका हो। विगत लामो समयको अन्तरालमा २० वर्ष पछि भएको स्थानिय तहको निर्वाचन भई हामी पहिलो पटक स्थानिय तहका जनप्रतिनिधिका रुपमा निर्वाचीत भएका छौ। यस अवसरमा आज प्रथम ऐतीहासीक गाउँ सभामा पहिलो पटक वजेट पेश गर्ने अवसर प्राप्त गरेको छु। आज यो मुलुकमा संघिय लोकत्रान्त्रीक ब्यबस्था ल्याउन विभिन्न आन्दोलनशरुमा आफ्नो जिवन बलिदान गर्नु हुने सहिदहरु प्रति श्रद्धाभाव व्यक्त गर्दछु। साथै केन्द्रीकृत साशन प्रणाली संघियता अनुरुप स्थानियतहमा आएको छ।

यो समयलाई हाम्रो गाउँपालिकाले आर्थिक सामाजिक र साशकीय व्यवस्थामा प्रभावकारीता ल्याउन नितीगत मार्गदशन र उत्पादनका माध्यामबाट समग्र आर्थिक भौतिक विकासमा फड्को मार्नुपर्ने अवसर र चुनौतिका विच आगाढी बढ्नुपर्ने अवस्था आएको छ।

**अध्यक्ष महोदय**

१) यस गाउँपालिकाको अल्पकालीन र मध्यम कालीन् समयमा पुरा गरिने योजनालाई परिलक्षित गरी यसको दिगो विकासका योजना र कार्यक्रम लाई तिव्रताका साथ सम्पन्न गर्ने गरी वजेट विनियोजन गरेको छु। चालु आर्थिक वर्षको भौतिक र आर्थिक विकासको यथेष्ट सुचाङ्क नभएतापनि आगामी दिनमा समग्र पक्षको सुचाङ्कको तथ्याङ्क राखी सडक निर्माणमा तिव्रता र व्यवसायीक कृषि उत्पादनमा वृद्धिगरीने छ।

२) गाउँपालिकाको दिगो विकास र आर्थिक समृद्धीका लागि ल्याइएका योजनाहरु समयमा कार्यान्वयन गर्न नितिगत स्पस्टता कायम गरी कार्यन्वयन क्षेमतामा वृद्धी गरीने छ। साथै गुणस्तरीय निर्माण कार्य गरी दोहोरो तेहेरो खर्चको अन्त्यगरीने छ।

**अध्यक्ष महोदय**

अब म यस स्वामीकार्तिक गाउँपालिकाको आय तथा व्ययको विवरण यस ऐतिहाँसिक सभामा पेस गर्न चाहान्छु।

२०७४।०४।०२
चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

## स्वामीकार्तिक गाउपालिकाको आ.व.२०७४।०७५ का लागि अध्यक्ष श्री चिरन्जीवी शाहीद्वारा प्रथम गाउ सभामा प्रस्तुत वजेट तथा कार्यक्रम

**अध्यक्ष महोदय**

एशियाका दुई ठुला विशाल देश हरुको विचमा रहेको सुन्दर देश नेपाल युगौ देखी एक सार्वभौम सत्ता सम्मपन्न मुलुकको रुपमा रही आएको छ। संघिय लोकत्रान्त्रीक गणतन्त्रको घोषणा भई जनताले संवैंधानिकरुपमा परिवर्तनको अनुभव गरीरकेका छन्।

संघियता अनुरुप प्रदेश नं. ७ मा रहेको अत्यन्तै विकट जिल्ला बाजुराको उत्तर पुर्वि भागमा अबस्थीत कार्णली नदी वारीको स्भावना र अबसरको खोजिमा रहेको हाम्रो एक सुन्दर स्वामीकार्तिक गाउँपालिका हो। विगत लामो समयको अन्तरालमा २० वर्ष पछि भएको स्थानिय तहको निर्वाचन भई हामी पहिलो पटक स्थानिय तहका जनप्रतिनिधिका रुपमा निर्वाचीत भएका छौ। यस अवसरमा आज प्रथम ऐतीहासीक गाउँ सभामा पहिलो पटक वजेट पेश गर्ने अवसर प्राप्त गरेको छु। आज यो मुलुकमा संघिय लोकत्रान्त्रीक ब्यबस्था ल्याउन विभिन्न आन्दोलनशरुमा आफ्नो जिवन बलिदान गर्नु हुने सहिदहरु प्रति श्रद्धाभाव ब्यक्त गर्दछु। साथै केन्द्रीकृत साशन प्रणाली संघियता अनुरुप स्थानियतहमा आएको छ।

यो समयलाई हाम्रो गाउँपालिकाले आर्थिक सामाजिक र साशकीय ब्यबस्थामा प्रभाबकारीता ल्याउन नितीगत मार्गदशन र उत्पादनका माध्यामबाट समग्र आर्थिक भौतिक विकासमा फड्को मार्नुपर्ने अबसर र चुनौतिका विच आगाढी बढ्नुपर्ने अबस्था आएको छ।

**अध्यक्ष महोदय**

१) यस गाउँपालिकाको अल्पकालीन र मध्यम कालीन् समयमा पुरा गरिने योजनालाई परिलक्षित गरी यसको दिगो विकासका योजना र कार्यक्रम लाई तिव्रताका साथ सम्पन्न गर्ने गरी वजेट विनियोजन गरेको छु। चालु आर्थिक वर्षको भौतिक र आर्थिक विकासको यथेष्ट सुचाङ्क नभएतापनि आगामी दिनमा समग्र पक्षको सुचाङ्कको तथ्याङ्क राखी सडक निर्माणमा तिव्रता र व्यवसायीक कुषि उत्पादनमा वृद्धिगरीने छ।

२) गाउँपालिकाको दिगो विकास र आर्थिक समृद्धीका लागि ल्याइएका योजनाहरु समयमा कार्यान्वयन गर्न नितिगत स्पस्टता कायम गरी कार्यन्वयन क्षेमतामा वृद्धी गरीने छ। साथै गुणस्तरीय निर्माण कार्य गरी दोहोरो तेहेरो खर्चको अन्त्यगरीने छ।

**अध्यक्ष महोदय**

अब म यस स्वामीकार्तिक गाउँपालिकाको आय तथा ब्ययको विबरण यस ऐतिहाँसिक सभामा पेस गर्न चाहान्छु।

०७४।०६।०२

चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

आम्दानि तर्फ

नेपाल सरकार बाट प्राप्त वित्तिय समानिकरण मा रु १२ करोड ७७ लाख ९८ हजार नेपाल सरकार बाट सशर्त अनुदान रु ८ करोड ६९ लाख ८८ हजार आन्तीक कोष आम्दानि १२ हजार ६ सय आगामी वर्षकालागि अनुमानित रु ५ लाख ८५ हजार सामाजिक सुरक्षाबाट २ करोड ११ लाख ७० हजार २ सय गत वर्षको नगद मौज्दात रु ७२ लाख ७० हजार ४ सय ४४ र अन्य निकाय बाट प्राप्त रु ५ करोड ४४ लाख १३ हजार ६ सय ५२ गरी जम्मा आय रु २९ करोड ८२ लाख ३७ हजार ८ सय ९६ रुपैया अनुमान गरीएको मा सोहिको परिधिभित्र रहि विभिन्न शिर्षकहरुमा रकम विनियोजन गरेको छु ।

विनियोजिन तर्फ

विनियोजित गरिएको रकम मध्ये रु २ करोड ४८ लाख ५७ हजार रुपैया प्रसासनिक खर्च तर्फ विनियोजित गरेको छु । नेपाल सरकार बाट शसर्त अनुदान प्राप्त ८ करोड ६९ लाख ८८ हजार सोही शर्त बमोजिम खर्च हुने गरी सभामा पेश गरेको छु । पूँगत तर्फ रु १० करोड २९ लाख ४१ हजार रकम प्रस्ताव गरेको छु ।

यस गाउपालिकाको सञ्चित कोषमा प्राप्त हुने विभिन्न आयोजना, परियोजना तथा विषयगत कार्यालयको रकम उल्लेखित शर्त अनुसार खर्च गर्ने गरी कणाली रोजगार कार्गक्रमको रु १ करोड ९८ लाख २५ हजार, ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको रु १ करोड ८४ लाख ५० हजार १ सय १३, हेल्भेटासको रु १४ लाख ८२ हजार ३ सय ३०, बहु क्षेत्रीय पोषणको रु ११ लाख १० हजार, यूनिसेफको शिक्षा तथा पोषण कार्यक्रमका लागि रु १३ लाख १८ हजार ५ सय ७९, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमको रु ४० लाख, कृषि विकास कार्यक्रमको रु ६२ लाख ४ हजार र पशु सेवा कार्यक्रमका लागि रु २० लाख २३ हजार ६ सय ३० गरी जम्मा रु ५ करोड ४४ लाख १३ हजार ६ सय ५२ प्रस्ताव गरेको छु ।

यसरी गाउपालिकामा प्राप्त निर्शत अनुदान, सर्शत अनुदान र अन्य निकायबाट प्राप्त सम्पूर्ण रकममा चालु तर्फ ८ करोड ७ लाख ४० हजार ८ सय ५२, विनियोजन गरेको छु । **पूंजीगत तर्फ** २१ करोड २८ लाख ९० हजार विनियोजन गरेको छु । गत आवको भुक्तानी दिन बाँकी रकम रु १० लाख ९५ हजार ३ सय ५९ समेत छुट्याए छु । यस आ.व.मा सञ्चित कोषबाट जम्मा २९ करोड ४७ लाख २६ हजार २ सय ११ प्रस्ताव गरेको छु । सञ्चित कोषमा ३५ लाखं ११ हजार ६ सय ८५ रकम रहने अनुमान गरेका छु । यस भित्र ५ लाख ८५ हजार राजश्व संकलन हुने अनुमान समेत गरिएको छ ।

साथै यस गाउपालिकामा यस आ.व.मा कार्यक्रम संचालन गर्ने गरी विभिन्न गैससहरुको कार्यक्रम वजेट रु १ करोड ६२ लाख १६ हजार ३ सय ७९ समेत स्वीकृतिका लागि यस सम्मानित सभामा पेश गर्दछु ।

**अध्यक्ष महोदय**

अव म प्रस्ताव गरिएका कार्यक्रम र बजेटको संक्षिप्त विवरण पेश गर्ने अनुमति चहान्छु ।

१) आर्थिक विकास क्षेत्रमा जम्मा १ करोड ६५ लाख ५० हजार रकम विनियोजन गरेको छु

चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

जस अर्न्तगत निम्न कार्यक्रका लागि बजेटको व्यवस्था गरेको छु।

**१ कृषि तर्फ रु ४८ लाख**

नेपालका जन निर्वाचित प्रधानमंन्त्री स्वर्गिय महोनमन् अधिकारीको स्मृतिमा कृषक संग महोनमन कार्यक्रम ल्याएको छु जस अर्न्तगत २० लाख रुपैया विनियोजन गरेको छु।

**क) बजारीकरण तर्फ २८ लाख**

१) जस अर्न्तगत कृषि उपज संकलन केन्द्र एक
२) पशु हाटबजार १
३) कृषि नर्शरी स्थापना गर्ने कृषकलाई प्रत्यक वडामा अनुदान प्रदान
४) कोल्डस्टो निर्मामा १
५) रस्टीक स्टोर निमार्ण १

**ग) पशु सेवातर्फ ५लाख विनियोजन गरेको छु।**

१) सवै वडामा नस्लसुधार कार्यक्रम
२) गाउँपालीकाको कुनै उपयुक्त स्थानमा एग्रोभट संचालन कार्यक्रम
३) गाउँपालीका सवै वडामा व्यवसाय पशुपालन कार्यक्रम

ग) उद्योग तथा वाणिज्य तर्फ ४२ लाख विनियोजन गरेको छु।

१) गाउँपालिका का पाँच वटै वडाका पाँच पाँच जना उद्यागिलाइ सिपमुलक तालीम दिनका लागि १२ लाख ५० हजार रुपौया विनियोजन गरेको छु।
२) प्रत्यक वडामा कुटानि पिसानि मिल संचालनका लागि ३० लाख रुपौया विनियोजन गरेको छु।

**घ) पर्यटन प्रवद्धन गर्नकालागि रु १५ लाख विनियोजन गरेको छु।**

१) पिलु शिवालय संरक्षण, मसानघाट व्यबस्थापन,पार्क निमार्ण र उपयुक्त ठाउँमा प्रवेस द्वार निमार्ण
२) कर्णालीमा ऱ्याप्टीङ्ग व्यावसायको सम्भाव्यता अध्यन तथा व्यवसाय प्रवद्धन
३) पोग्रा काधको संरक्षण

**ङ) सहकारी तर्फ ५ लाख विनियोजन गरेको छु।**

१) सहकारी प्रवद्धन तथा क्षमता विकास तालीमे संचालनकालागि

**च) युवा स्वरोजगार मुलक कार्यक्रमका लागि रु ५० लाख विनियोजन गरेको छु।**

१) गाउँ पालीका भित्रका सहकारी मार्फत न्यून ब्याजदरमा उच्च प्राविधिक शिक्षा प्राप्ती र उद्योग संचालन गर्नकालागि
२) सामाजिक विकास क्षेत्र तर्फ रु १ करोड १६ लाख २ हजार ४ सय विनियोजन गरेको छु

क) शिक्षा

१) ५ वडाका १० वटा विद्यालयको भौतिक पूर्वाधार विकास का लागि रु ३० लाख विनियोजन गरेको छु।

०७४/०६/०२
चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

२) गाउपालिका भित्रका सबै मावि तथा उमाविहरुमा शौचालय तथा नेट ईन्टरनेटको व्यवस्थापनका लागि रु १० लाख विनियोजन गरेको छु ।

**ख) स्वास्थ्य**

स्वास्थ्य सेवा प्रर्वधनका लागि रु २१ लाख २ हजार ४ सय विनियोजन गरेको छु ।

जसमध्ये

१) ईलाका स्वास्थ्य, स्वास्थ्य चौकी, सामुदायीक स्वास्थ्य ईकाइहरुको पूर्वाधार विकास तथा उपकरण सहयोग, सबै वडामा गाउघरील्किनिक तथा औषधि खरिद र महिला स्वास्थ्य स्वयम सेविकाको निर्वाह भत्ता समेत यसै शिर्षकमा समावेश गरेका छु ।

२)सास्कृतिक तथा पुरातात्विक क्षेत्रको संरक्षणका लागि गाउपालिका भित्रका सम्पूर्ण धार्मिक तथा पूरातात्विक सम्पदाहरुको अध्ययन अनुसन्धान गरी प्रचार प्रसारका लागि रु ४ लाख विनियोजन गरेको छु ।

३) स्वामीकार्तिक गाउपालिका भित्रका १७ वटा मठमन्दिर तथा धार्मिक चौताराहरुको संरक्षण तथा सर्म्वधनका लागि रु १६ लाख विनियोजन गरेको छु ।

४) महिला, दलित, वालवालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरु लगायत लक्षित वर्गहरुको सबै वडामा सशक्तिकरण कार्यक्रम संचालन गर्नका लागि रु ३० लाख विनियोजन गरेको छु ।

**५) खेलकुद तथा मनोरञ्जन**

यसै आ.व देखि गाउपालिका स्तरीय अध्यक्ष कप प्रतियोगिता सञ्चालन गरिने व्यवस्था मिलाईएको छ । जसका लागि रु २ लाख र युवाहरुको खेल क्षमता विकासका लागि रु ३ लाख गरी जम्मा रु ५ ला विनियोजन गरेको छु ।

**३) भौतिक पूर्वाधार विकास**

भौतिक पूर्वाधार विकासका लागि रु ५ करोड ६५ लाख विनियोजन गरिएको छ । जसमा

**क) सिचाई कार्यक्रम**

१) गाउपालिकाका पाँचै वटा वडामा ११ वटा सिचाई कुला, ५ सिचाई पोखरी तथा १ ढुंगेधारा मर्मत तथा निर्माण, सम्भाव्यता अध्ययन तथा डिटेल सर्वे लागि रु १ करोड १२ लाख विनियाजन गरेको छु ।

२) लघु जल विद्युत आयोजना

यस गाउपालिका भित्रका निर्माण हुन वाँकी रहेक आयोजना पुरा गर्न तथा मर्मत गर्नका लागि रु १२ लाख विनियोजन गरेको छु ।

३) खानेपानी तथा सरसफाई

जलश्रोत व्यवस्थापन परियोजना लागु नभएका वडामा खानेपानी विस्तार गर्नका लागि ४ वटा खानेपानी योजनाका लागि रु १६ लाख विनियोजन गरेको छु ।

४) घर जग्गा

०७४/०६/०२

चिरन्जिवी शाही

गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

गाउपालिकाको नयाँ घर निर्माण कार्य यसै आ.व. बाट शुरु गर्ने गरी जग्गा खरिद र भवन निर्माणका लागि रु १ करोड २० लाख र जग्गा नहुने वडा कार्यालयको जग्गा गरिद र तत्काल अस्थायी कार्यालय व्यवस्थापन, घेरवारका लागि रु १२ लाख विनियोजन गरेको छु

**५) सडक निर्माण**

**१) यस** गाउपालिकामा कुनै पनि मुल सडक नभएकोले सबै वडा केन्द्र जोड्ने नीति अनुरुप यस गाउपालिकाको समग्र विकास तथा सामाजिक कार्यमा सम्पूर्ण जीवन व्यतित गर्ने अग्रणी समाजसेवी व्यक्तिहरु नरजंग शाही, नरजित वुढा र नरपति वुढाको सम्झनामा यस गाउपालिकाको वडा नं. ५ को काटेपहरा देखि वडा नं २ को पुलाँहा खोला सम्म सबै वडा केन्द्र जोड्ने नरजगं, नरजित, नरपति ग्रामिण सडक नामाकरण गरी निर्माण गरिने व्यवस्था मिलाईएको छ। यसका लागि रु २ करोड ७५ लाख विनियोजन गरेको छु।

२) कृषि उत्पादनलाई सहजरुपमा ओसारपसार गर्न तत्कालका लागि कृषि घोडेटो बाटो निर्माणलाई प्राथमिकता दिई प्रत्येक वडामा २/२ वटा गरी १० वटा बाटाहरुको लागि रु १६ लाख विनियोजन गरेको छु।

**६) सञ्चार**

गाउपालिकाका लक्षित कार्यक्रमहरु सञ्चार माध्यामबाट प्रसारण तथा प्रकाशन गर्नका लागि रु २ लाख विनियोजन गरेको छु।

४) वातावरण तथा विपत व्यवस्थापन

**क) विपत व्यवस्थापन**

स्वामीकार्तिक गाउपालिकामा हुने विपतको व्यवस्थापनका लागि गाउपालिकामा विपत कोष स्थापना गरिने व्यवस्था मिलाएको छु। स्थानीय विपत व्यवस्थापन गुरु योजना निर्माण गर्ने गरी कार्यक्रम तयार गरिएको छ। राष्टिय वन, कवुलियति वन तथा सामुदायीक वनको सिमा निर्धाण, गोवर ग्यास प्लान्टमा केही अनुदान, कर्णाली नदीमा वगेर आउने ढलापडा काठ व्यवस्थापन कार्यका लागि रु २७ लाख विनियोजन गरेको छु।

२) हरियाली वढाउ, खडेरी घटाउ भन्ने नारालाई परिपुर्ति गर्न जननेता मदन भण्डारीको सम्झनामा **मदन भण्डारी हरित कार्यक्रम** मार्फत वन तथा पाखाहरुमा पानी खाल्डा खन्ने र विरुवा रोप्ने व्यवस्था मिलाएको छु। यसका लागि रु ३ लाख विनियोजन गरिएको छ।

३) तटवन्न तथा नद्री नियन्त्रणका अर्न्तगत पानीका मुहान संरक्षण, गाउपालिकाको उपयुक्त स्थानमा वहुउद्देश्यीय नर्सरी स्थापना गर्ने, आयश्रोत नहुने सामुदायीक वनमा हेरोलो व्यवस्था र पहिरो प्रभावित क्षेत्रमा घाँस तथा उत्तिस रोपण कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेको छु।

**५) संस्थागत**

१) गाउपालिका विभिन्न शाखाहरुको स्तरवृद्धि, व्यवस्थापन तथा जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि रु १८ लाख विनियोजन गरेको छु।

चिरञ्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

२) गाउपालिकाको आवधिक योजना निर्माण, ग्रामिण यातायात गुरु योजना, क्षेत्रगत योजना निर्माण तथा अन्य आवश्यक अध्ययन र अनुसन्धानका लागि रु २८ लाख विनियोजन गरेको छु ।

३) गाउपालिकाको लेखापरिक्ष, सामाजिक परिक्षण आदि कार्यका लागि रु ६ लाख विनियोजन गरेको छु ।

४) यसै आ.व बाट गाउ प्रहरीको व्यवस्था गर्ने गरी वजेटको व्यवस्था गरेको छु । जसका लागि रु १० लाख विनियोजन गरेको छु ।

५) गाउ कार्यपालिका संग समन्वय गरी कार्य गर्ने गाउपालिका रहेका तथा पछि आउने आयोजना, परियोजना तथा संघ संस्थासंग साझेदारी गर्न साझेदारी कोष को व्यवस्था गरिएको छ । जसका लागि रु ४० लाख विनियोजन गरेको छु ।

६) गाउपालिकाले निर्माण गर्ने सडक तथा अन्य कार्यमा सहजता ल्याउने उद्देश्यले गाउपालिकाले स्काई भेटर खरिद गर्ने गरी वजेटको व्यवस्था गरेको छु । अन्य सवारी साधन (मोटर साईकल), फर्निचर खरिदका लागि रु ६४ लाख ५० हजार विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

आ.व. २०७४।०७५ को वजेट तथा कार्यक्रममा समावेश गर्न नसकिएका कार्यक्रमहरु आगामी आ.व.को वजेट तथा कार्यक्रमहरुमा समावेश गर्दै जाने तथा यहाँको श्रोत साधनले निर्माण गर्न नसकिने ठुला विकास आयोजनाहरु केन्द्रिय र प्रान्तिय सरकार संग माग गर्ने गरी पठाउने व्यवस्था मिलाएको छु । ति योजनाहरु देहाय बमोजिम छन:

१) स्वामीकार्तिक गाउपालिकालाई कार्णाली क्षेत्र सो सरह सेवासुविधा उपलब्ध गराई दिन केन्द्रीय सरकार संग माग गर्ने

२) कोट कुलो, भतेडीगाढ, ढीकुरी कुलो निर्माणका लागी केन्द्रीय सरकारमा माग गर्ने

३) क्याम्पस स्थापनाका लागि प्रदेश सरकार संगमागगर्ने ।

४) ईलाका प्रहरी कार्यालय गाउँपालीकामा र ईलाका प्रसाशन कार्यालय पिलुचौरमा माग गरीने छ ।

५) स्वामीकार्तिक गाउपालिकामा वैंक स्थापना लागि माग गर्ने

६, पिलुचौर क्षेत्रमा खाद्य र नुनको डीपो स्थापनाका लागि सम्वन्धित निकायमा माग गर्ने

७) स्वामीकार्तिक गाउपालिकाको उपयुक्त स्थानमा कर्णली नदीमा पक्की सडक पुल निर्माणका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने ।

८) लामाओडार देखि काटेपहरा सम्म कर्णाली नदी किनारमा संडक निमार्णका लागि माग गर्ने

९) रारा लोक मार्गलाई निरन्तरता का लागि माग गर्ने

१०) द्वन्दकालको क्रममा ध्वस्त बनाइएको जुकोट लघु जलविद्युत पुन निर्माणका लागि माग गर्ने ।

११) राष्ट्रीय विद्युत प्रशारण लाईन विस्तारका सम्वन्धित निकायमा अनुरोध गर्ने ।

१२) तत्काल १५ सैयाको अस्पताल गाँउपालिका केन्द्रमा स्थापनाको लागी माग गर्ने

१३) कृषि र भेट्नरी सम्वन्धि मेगा प्रोजक्टका लागि प्रदेश सरकार र केन्द्रीय सरकारमा माग गर्ने

१४) गाउँपालीका खोला र नदिमा आवश्यक झो . पु निर्माणका लागि प्रान्तीय सरकारमा माग गर्ने ।

२०७८।०६।०२
चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

१५) कर्णाली नदीबाट लिफ्ट सिचाईका लागि आवश्यक पहल गर्न केन्द्र तथा प्रदेश सरकार संग माग गर्ने । साथै तत्काल कर्णली नदिमा वेलीव्रीज र फेरीकी माग गर्ने ।

१६) वडा संख्या थप गर्नका लागि केन्द्रीय सरकारमा माग गर्ने

१७) गाउँपालीकाका पर्यटकीय क्षेत्रको प्रवद्धन गर्न केन्द्रीय सरकार संग माग गर्ने

१८) गाउँपालीकाका मा.वि आधारभुत र प्रावि तहका विद्यालयहरुमा दरवन्दीको माग गर्ने

१९) गाउँपालिकाको भवनका लाग थप रकमको व्यवस्था गर्न केन्द्र तथा प्रान्तमा माग गर्ने

२०) गाउँपालिकामा खेलकुद भवन तथा खेलमैदान निमार्णका लागि केन्द्रीय सरकारमा माग गर्न

२१) गाउँपालिकामा कवडहल निमार्णका लागि केन्द्र तथा प्रदेश सरकार लाई माग गर्ने

२२) गाउपालिकाको जुकोटको स्याउ ढुवानीमा सहजताका लागि रोप वे निर्माण का लागि सम्वन्धित निकायमा माग गर्ने

२४) नेपाल टेलीकम, एन सेल, लेनलाईन को टावर निर्माणका माग गर्ने

२५) मा वि र आधारभुत विद्यालयका भनवहरु निर्माणका लागि माग गर्ने

**अन्तमा**

यो वजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयन भई सम्वृद्ध र सक्षम गाउपालिका निर्माणमा सहयोग पुग्नेछ भन्ने आशा लिएको छु । यसका लागि यहाँहरुको संहयोग र समन्वयको आवश्यक छ । यो वजेट निर्माण गर्ने क्रममा सहयोग गर्नु हुने विभिन्न समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा प्रत्येक्ष अप्रत्येक्ष रुपमा सहयोग गर्नु हुने महानुभावहरुमा हार्दिक धन्यवाद दिन चहान्छु ।

धन्यवाद

०७४।०८।०२
चिरन्जिवी शाही
गाउँपालिका अध्यक्ष

चिरन्जीवी शाही
अध्यक्ष
स्वामीकार्तिक गाउपालिका

Scanned by CamScanner